आज मिति २०७६।१०।१४ गतेका दिन धवलागिरी गाउँपालिकाको सभा हलमा धवलागिरी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री थमसरा पुनको अध्यक्षतामा बसी तपशिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो ।

**तपशिलः**

| | |
|---|---|
| श्री थमसरा पुन | गा.पा. अध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री रेशम छन्त्याल | गा.पा. उपाध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री झक बहादुर छन्त्याल | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. १, गुर्जा |
| श्री गम प्रसाद वि.क. | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. २, लुलाङ्ग |
| श्री पुर्ण पुन | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ३, मुना |
| श्री वेग प्रसाद घर्ती | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ४, मुदी |
| श्री खर्क कुमारी छन्त्याल | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ५, मल्कवाङ्ग |
| श्री राजाराम उपाध्याय | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ६, मराङ्ग |
| श्री कलानिधी शर्मा | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ७, ताकम |
| श्री बाल कुमारी सुनार | कार्यपालिका सदस्य |
| श्री राम बहादुर वि.क. | कार्यपालिका सदस्य |
| श्री सुवा देवी पुर्जा | कार्यपालिका सदस्य |
| श्री किनमाया घर्ती | कार्यपालिका सदस्य |
| श्री देउप्रसाद छन्त्याल | कार्यपालिका सदस्य |
| श्री तिल कुमारी के.सी. | कार्यपालिका सदस्य |
| श्री गोविन्द सुनार | प्रमुख प्रशासकीय अधिकृत |

**प्रस्तावहरुः-**

१. प्रदेश समपुरक तथा विशेषकोषको योजना पेश सम्बन्धमा ।
२. करार कर्मचारीको म्याद थप सम्बन्धमा ।
३. समपुरक कोष बाँडफाँड सम्बन्धमा ।
४. बाटोमा मेसिनरी वाल तथा ग्याविन जाली लगाउने सम्बन्धमा ।
५. रकमान्तर सम्बन्धमा ।
६. निर्माण व्यवसायि इजाज [illegible] सम्बन्धमा ।
७. कार्यविधि सम्बन्धमा ।
८. ठेक्का आव्हान सम्बन्धमा ।
९. कर्मचारी विज्ञापन सम्बन्धमा ।
१०. कार्यक्रम पेश सम्बन्धमा ।
११. राजिनामा स्वीकृत सम्बन्धमा ।
१२. विविध ।

**निर्णयहरुः**

१. प्रस्ताव नं. १ माथी छल [illegible] गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको समपुरक तथा विषेश अनुदानका लागि आयोजना/कार्यक्रम प्रस्ताव गर्ने वारेको सुचना अनुसार देहाय बमोजिमका योजना तथा आयोजना प्रदेश समपुरक अनुदान तथा विषेश अनुदान मार्फत कार्यान्वयन गर्ने गरी पेश गर्ने निर्णय गरियो ।

**देहायः**

| क्र.स. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | समपुरक माग रकम रु. | विशेष माग रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | एक घर एक धारा योजना | वडा नं.२ लुलाङ |  | २,००,००,००० | डि.पि.आर भएको |
| २ | एक घर एक धारा योजना | वडा नं.३ मुना |  | २,००,००,००० | डि.पि.आर हुँदै |
| ३ | एक घर एक धारा योज[illegible] | वडा नं. ४ मुदी |  | २,००,००,००० | डि.पि.आर हुँदै |
| ४ | एक घर एक धारा योजना | वडा नं.६ [illegible]राङ |  | २,००,००,००० | डि.पि.आर भएको |
| ५ | एक घर एक धारा योजना | वडा नं.५ मल्कवाङ |  | २,००,००,००० | डि.पि.आर भएको |
| ६ | मुना – मुदी- खिवाङ सडक | वडा नं.३ र ४ | २,००,००,००० |  | लागत इष्टिमेट भएको |
| ७ | मराङ – खिवाङ सडक | वडा नं.४ र वडा नं.२ लुलाङ ५ | २,००,००,००० |  | डि.पि.आर भएको |

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा यस गाउँपालिकामा कार्यरत विभिन्न सेवाका करार कर्मचारीहरुलाई देहाय बमोजिम गर्ने निर्णय गरियो ।

थमसरा पुन
गा. पा. अध्यक्ष
धवलागिरी गाउँपालिका

६.२ प्रस्ताव नं. ६ माथि छलफल गर्दा "होम निर्माण सेवा" का प्रोप्राइटर विष्णु वि.क.ले 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र पाउ भनी निवेदन दिएकोमा यस कार्यालयको प्राविधिक शाखाबाट नीजको कागजपत्र जेकजाँच/छानविन हुँदा 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने कार्यविधिमा उल्लेख भएको सम्पूर्ण कागजपत्र र प्रकृया पुरा गरी आएको हुनाले "होम निर्माण सेवा" लाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो।

७. ७.१ प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गाउँपालिकामा रहेको कच्ची शौचालय पून निर्माण तथा नयाँ शौचालय निर्माणका लागि गाउँपालिकाबाट वितरण गर्ने प्यान, सिमेन्ट र पाईपको व्यवस्थापन गर्न "शौचालय निर्माणका लागी प्यान, सिमेन्ट र पाइप वितरण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७६" स्वीकृत गरी लागु गर्ने निर्णय गरियो।

७.२ प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "आवास विहिन जनतासंग वडाध्यक्ष" कार्यक्रममा वजेट विनियोजन भएको र उक्त वजेट/कार्यक्रम कार्यान्वयन गर्न "आवास विहिन जनतासँग वडाध्यक्ष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" स्वीकृत गरी लागु गर्ने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा संघीय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबाट सञ्चालन हुने देहाय वमोजिमका योजनाहरुलाई ठेक्का प्रकृयाबाट कार्यान्वयन गर्ने गरी टेन्डर आह्वान गर्ने निर्णय गरियो।

(क) हिलापोखरी, खोरवाङ्ग सडक निर्माण।

(ख) मुदी सडक निर्माण योजना।

(ग) लुलाङ्ग वडा कार्यालय भवन निर्माण, वडा नं. २।

(घ) मुना स्वास्थ्य चौकी भवन निर्माण, वडा नं. ३।

(ङ) नमूना आवासिय मा.वि. "हेम मा.वि. सिवाङ्गमा होस्टेल निर्माण।

(च) वन्चरे खानेपानी आयोजना।

(छ) मुना – लुलाङ्ग – गुर्जा मोटरबाटो निर्माण योजना।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिका अन्तरगत तपशिल वमोजिमका स्वास्थ्य चौकीमा रिक्त रहेको अ.हे.व./अ.न.मी. पदमा प्रचलित कानून वमोजिम करारमा कर्मचारी पदपुर्ती गर्नको लागि विज्ञापन आव्हान गर्ने साथै नियुक्ति हुने करारका कर्मचारीहरुको तलब भत्ता शसर्त अनुदानबाट प्राप्त हुने वजेटबाट खर्च लेख्ने निर्णय गरियो

| क्र.सं. | स्वास्थ्य चौकीको नाम | ठेगाना | पद | संख्या |
|---|---|---|---|---|
| १ | मल्कवाङ्ग स्वास्थ्य चौकी | वडा नं. -५, मल्कवाङ | अ.हे.व. | १ |
| २ | मराङ्ग स्वास्थ्य चौकी | वडा नं. ६, मराङ | अ.हे.व. | १ |
| ३ | मराङ्ग स्वास्थ्य चौकी | वडा नं. ६, मराङ | अ.न.मी. | १ |
| ४ | ताकम स्वास्थ्य चौकी | वडा नं. ७, ताकम | अ.न.मी. | १ |
| ५ | मुदी स्वास्थ्य चौकी | वडा नं. ४, मुदी | अ.न.मी. | १ |
| ६ | गुर्जा स्वास्थ्य चौकी | वडा नं. १, गुर्जा | अ.न.मी. | १ |

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम समन्वय इकाई, ललितपुरको मिति

थमसरा पुन
उ.पा.अध्यक्ष
धवलागिरी गाउँपालिका

गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई २०७६ माघ १ गते देखी लागु हुने गरी आषाढ मसान्त सम्मको लागि करार अवधी थप गर्ने।

(ख) वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी, गा.पा. मा कार्यरत कार्यालय सहयोगी र हलुका सवारी चालक (ड्राइभर) को करार अवधी आषाढ मसान्तसम्मको लागि थप गर्ने।

(ग) कृषि तथा पशु शाखा (क्षेत्र) तर्फ कार्यरत एक गाउँ एक प्राविधिक कर्मचारीको हकमा आषाढ मसान्त सम्मको लागि करार अवधी थप गर्ने।

(घ) करारमा नियुक्ति भएका स्वास्थ्य तर्फका कर्मचारी (कार्यालय सहयोगी समेत) को करार अवधी आषाढ मसान्त सम्म थप गर्ने।

(ङ) शिक्षा शाखा अन्तरगत शिक्षा संयोजक भई कामकाज गर्दै आउनुभएका कर्मचारी गिरि प्रसाद छन्त्यालको करार अवधी आषाढ मसान्त सम्म थप गर्ने।

माथि उल्लेखित विभिन्न सेवा समूहका करार कर्मचारीहरुको करार अवधी लोक सेवा आयोगबाट स्थायी पदपुर्तिका लागि कर्माचारी सिफारिस भै आएमा वा प्रचलित कानून विपरित काम गरेमा र कार्य सम्पादनमा ह्रास आएमा करारका कर्मचारीहरुको समय अवधी अगावै कारार रद्द गर्न सकिने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस गाउँपालिकाको मिति २०७६।०८।०७ गतेको गाउँसभाबाट विनियोजित समपुरक कोषको बाँडफाँड देहाय बमोजिम गर्ने निर्णय गरियो।

देहायः

(क) लुलाङ्ग वडा कार्यालयलाई रु.२९,०००,०० (अक्षरुपी उन्नतिस लाख रुपैया मात्र)

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस गाउँपालिका अन्तरगत वडा नं. ७ मा पर्ने चिप्लेटी भन्ने ठाउँमा बाटो भत्किइ सवारी साधनलाई आवत जावत गर्न कठिन भई दुर्घटना हुने सम्भावना भएको त्यस्तै किसानी मा.वि. धारापानी मुनी र राम बहादुरको घरमुनी बाटो भत्किई सवारी साधन आवत जावतमा कठिनाई भएकोले चिप्लेटीमा मेशिनरि वाल र किसानी मा.वि. तथा राम बहादुरको घर मुनी ग्याविन तार जाली लगाउन "चिप्लेटी देखी धारापानी सम्म मोटरबाटो मर्मत योजना" नामाकरण गरी प्राविधिक लगत इष्टिमेट अनुसारको वजेट विपद् व्यवस्थापन शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको विनियोजन ऐन, २०७६ बमोजिम गाउँ कार्यपालिकाले वचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा २५% सम्म रकमान्तर गर्न सक्ने भएको हुँदा आ.व. २०६/०७७ को लागि "पदाधिकारी पारिश्रमिक" शिर्षकमा रु. ५१,०००,०० (अक्षरुपी एकाउन्न लाख रुपैया मात्र) विनियोजन भएकोमा पदाधिकारी पारिश्रमिक रु.१७,९६,९४० (अक्षरुपी सत्र लाख छयानब्बे हजार नौ सय चालिस) खर्च भई बाँकी रहेको रु.३३,०३०,६० (तेत्तीस लाख तिन हजार साठी) को २५% रकम रकमान्तर गर्दा हुने रु.८,२५,७६५ (अक्षरुपी आठ लाख पच्चिस हजार सात सय पैसठ्ठी रुपैया मात्र) मध्ये "मुना-लुलाङ्ग-मुदी मोटरबाटो सरसफाई तथा मर्मत योजना" को भुक्तानी हुन बाँकी रकम भुक्तानी दिने निर्णय गरियो।

६. ६.१ प्रस्ताव नं. ६ माथि छलफल गर्दा ललितपुर महानगरपालिका वडा नं. ४ ठेगाना राखी *भण्डारी ढोटपाटन निर्माण सेवा प्रा.ली.* नाउँमा 'घ' वर्गको निर्माण व्यवसायि इजाजतपत्र लिनु भएका कम्पनीको प्रोप्राइटर जङ्ग बहादुर भण्डारीले ठाउँसारी गरिपाउँ भनी दिनुभएको निवेदन अनुसार *भण्डारी ढोटपाटन निर्माण सेवा प्रा.ली.* को ठेगाना धवलागिरी गाउँपालिका वडा नं. ३, मुना कायम गर्ने निर्णय गरियो।

गा.पा. अध्यक्ष
धवलागिरी गाउँपालिका

२०७६।०९।२१ को सूचना अनुसार "प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधी, २०७६" को दफा ३ बमोजिम हाल सम्म पनि पक्की सडक मार्फत राष्ट्रिय वा प्रादेशिक सडक संग नजोडिएको स्थानीय तहले आफ्नो केन्द्र जोड्ने एउटा सडक पहिचान गरी कार्यपालिकाको निर्णय सहित प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयमा पठाउने सूचना बमोजिम यस गाउँपालिकाको हाल सम्म कालोपत्रे सडकको पहुँच नपुगेका स्थानीय तहले केन्द्र जोड्ने सडक पहिचान गर्दा भर्नुपर्ने विवरण फारम भरी पठाउने निर्णय गरियो।

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस कार्यालयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग अन्तरगतको सामाजिक सुरक्षा घटना दर्ता प्रणालि सुदृधिकरण आयोजना कार्यान्वयन गर्न एम.आई.एस. अपरेटर पदमा कार्यरत श्री देविन्द्र पुनले सोही पदमा रही कामकाज गर्न नसक्ने व्यहोरा सहितको राजिनामा पत्र पेश गरेकोमा निजको राजिनामा स्वीकृत गर्ने निर्णय गरियो।

धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

थमसरा पुन
गा. पा. अध्यक्ष
धवलागिरी गाउँपालिका